URJAA

# स्वयंमसेवक आवश्यकता ! स्वयंमसेवक आवश्यकता !

उर्जा युवा लक्षित एक गैर सरकारी संस्था हो । २०६१ साल देखि कार्यरत यस संस्थाले तराई तथा पहाडी जिल्लाहरूका सरकारी सामुदायिक बिद्यालयहरू र समुदायहरूमा युवा स्वयंसेवकहरू परिचालन गरि स्वास्थ्य (यौन तथा प्रजनन् स्वास्थ्य) शिक्षा, जीविकोपार्जन, जीवन उपयोगी शिप, र बिकासका लागि युवा जस्ता क्षेत्रहरूमा कार्य गर्दै आएको छ ।

ऊर्जा संस्थाको युथ टेक द लिड (Youth Take the Lead) परियोजनाका लागि ग्लोबल सिटिजन भोलिन्टर (Global Citizen Volunteer) हरूको आवश्यकता ।

यो परियोजना युवा नेतृत्वको प्रर्वद्यन तथा विश्वव्यापी नागरिकता (Global Citizen) मा केन्द्रित रहेको छ ।

समुदायमा सकारात्मक र चिन्तनशिल कार्यहरू गर्नका लागी नेतृत्व वहन गर्न सक्षम युवाहरूको ज्ञान तथा शिप अभिबृद्धिका लागि यस परियोजनाले अवसर प्रदान गर्दछ । स्वयंसेवकहरूले चार महिना अवधिका लागि आफूले काम गर्ने समुदायमा युथ टेक द लिड ( Youth take The lead ) टिमलाई ग्लोबल सिटिजन टुलकिट (Global Citizen Toolkit) सहजीकरण गर्न सहयोगी भूमीका खेल्नेछन् ।

**आवश्यक पदपूर्ति २ जना (१ महिला, १ पुरूष)**

**गर्नु पर्ने कार्यहरू:**

- कार्ययोजना तयार गर्ने ।
- Global Citizen Toolkit विद्यालयमा सहजीकरण गर्ने ।
- सचेतना अभिबृद्धी कार्यक्रमहरू संचालन गर्ने ।
- तालिम तथा कार्यशाला गोष्ठीहरू आयोजना गर्ने ।
- सरोकारवालाहरू, विद्यार्थी तथा समुदायका व्यक्तिहरू संग सकारात्मक तथा सुमधुर सम्बन्ध कायम गर्ने ।
- Youth Take The Lead टिमलाई मासिक र चौमासिक प्रतिवेदन बुझाउने ।
- युवा परिचालन गर्ने र योजना कार्यान्वयनका लागि देहायका अन्य कार्य गर्ने ।
- Youth Take The Lead टिमलाई कार्यक्रम संचालन गर्दा आइपर्ने चुनौती र सिकाई बारे जानकारी गराउने ।

**यस संस्थाबाट प्राप्त हुने सहयोग:**

- कार्य आरम्भ गर्नु अघि आवश्यक शिप र ज्ञान अभिवृद्धि तालिम प्रदान गरिने ।
- सिकाई सहयोग (प्रशिक्षण तथा आवश्यक श्रोत साधन) तथा कार्ययोजना तयारीको लागि सरसल्लाह, कार्य सम्पन्न हुने अवधि सम्म ज्ञान आर्जनको सुनिश्चिताका लागी आवश्यकता अनुसार अनुगमन तथा (मेन्टरिङग) सरसल्लाह प्रदान गर्ने ।

**सुविधाहरू**

- तोकिएको अवधिसम्मका लागि मासिक रू. ६,००० /- पारिश्रमिक प्रदान गरिने ।
- गैर सरकारी संस्था/स्वंमसेवक संस्थाहरू संग काम गर्ने अवसर ।
- नेतृत्व तथा संगठनात्मक शीप आर्जन ।
- विभिन्न पृष्ठभूमीका नेतृत्वदायी युवाहरूको संजालमा जोडिने अवसर ।
- कार्य अवधिभरी पथप्रदर्शन प्राप्त हुने ।
- कार्यक्रम सफलताका साथ सम्पन्न गरे पश्चात सो को प्रमाणपत्र ।

**आवश्यकता**

- १८ देखि २८ वर्षको उमेर समूहका युवा ।
- दक्षिणकाली नगरपालिका स्थानिय बसोबास गरेको नागरिक हुन पर्ने ।
- प्रमाणपत्र तह/+२ तह उतिर्ण गरेको (+२ वा स्नातक तहमा अध्ययरत बिद्यार्थीहरूलाई) आवेदन दिनका लागि प्रोत्साहन गरिन्छ ।
- नेपाली तथा अंग्रजी दुबै भाषामा स्पष्ट लेख्न र बोल्न सक्ने ।
- प्रतिवेदन लेखनको शीप तथा ज्ञान भएको ।
- अध्यावधिक व्यक्तिगत विवरण (Updated CV)
- Microsoft Word र email को शिप भएको ।
- परिवर्तनका लागि उत्साह भएको र समुदाय तथा राष्ट्रिय स्तरमा स्वयंसेवाको अनुभव ।
- ४ महिना समय सम्म प्रतिबद्धता दिन सक्ने ।

**आवेदन दिने तरिका**

ईच्छुक युवाहरूले आफनो व्यक्तिगत विवरण (CV) तथा उत्पेरणा पत्र (Motivation Letter) लाई देहायको admin@urjaanepal.org मा पठाएर आवेदन दिन सक्नेछन् । आवेदन २०७९ साउन २ गते ०५:०० बजे सम्मका लागि मात्र खुल्ला गरिएको छ ।

***योग्य तथा सीमान्तकृत समूहका सदस्यहरूलाई आवेदन दिन प्रोत्साहित गरिन्छ ।***